निर्णय यस प्रस्तावहरु
२०७७/१०/१०

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : आ.व. २०७७/०७८ को प्रथम चौमासिक वित्तिय तथा भौतिक प्रगति सम्वन्धमा ।

**प्रस्ताव नं. २** : आठौं (हिउँदे) गाउँसभा सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : पर्यटन गाउँ छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : लागत साझेदारीमा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि कार्यदल गठन सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : लघु उद्यम विकास कार्यक्रम (मेडप्पा) कार्यान्वयनको लागि वडा छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : चालु आ.व. २०७७/०७८ को लैगिक समानता र सामाजिक समावेशीकरण अन्तर्गतको कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : पोषणमैत्री नमुना कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. ८** : भूमी बैंक स्थापना सम्वन्धमा ।

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको आ.व. २०७७/०७८ को लीगि स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा भएको वित्तिय तथा भौतिक प्रगति माथि समिक्षा गरियो । प्रथम चौमासिकमा पुँजीगत खर्च न्यून भएकोले आगामी दिनमा कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिकाको आठौं (हिउँदे) गाउँसभा बैठक मिति २०७७/१०/२३ गते आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नेपाल सरकारको प्रत्येक प्रदेशमा एक पर्यटन गाउँ स्थापना गर्ने नीति अनुसार यस गाउँपालिकाको वडा नं. ५ र ६ अन्तर्गत मेली गाउँलाई पर्यटन गाउँको रुपमा छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार संघीय सरकार सशर्त अनुदान-लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम र प्रदेश सरकारको पशुपंक्षी प्रवर्द्धन कार्यक्रमको तर्फको रकमबाट लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागि देहाय अनुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नामथर | जिम्मेवारी |
|---|---|---|---|
| १. | संयोजक, आर्थिक विकास समिति | कृष्णबहादुर थापा | -संयोजक |
| २. | वडा अध्यक्ष, वडा नं. २ | कर्णबहादुर शाही | -सदस्य |
| ३. | वडा अध्यक्ष, वडा नं. ५ | कृष्णबहादुर शाही | -सदस्य |
| ४. | वडा अध्यक्ष, वडा नं. ६ | विरशंकर रोकाय | -सदस्य |
| ५. | अधिकृत छैटौं | युवराज बस्नेत | -सदस्य |
| ६. | ना.प.से.प्रा.(पाँचौं) | शान्ता आचार्य | -सदस्य सचिव |

निर्णय प्रमाणित

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
परगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ५ :**

चालु आ.व. २०७७/०७८ मा यस गाउँपालिकाको लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान कार्यक्रम अन्तर्गत लघु उद्यम विकास (मेडप्पा) कार्यक्रम वडा नं. १, २, ६ र ७ कार्यान्वयन गर्ने र वडा नं. १ का वडा अध्यक्ष मानबहादुर बुढा ज्यूलाई उद्यम विकास समितिको सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस गाउँपालिकाको आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लैंगिक समानता र समाजिक समावेशीकरण अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि आर्थिक तथा सामाजिक विकास शाखाबाट पेश भएका क्रियाकलापहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको मिति २०७७/०८/२९ गते प्रकाशित भूमी बैंक स्थापना सम्वन्धी सूचना बमोजिम यस गाउँपालिका भित्र व्यक्तिगत, सरकारी, ऐलानी, पर्ती, नदी उकास लगायत आवादलायक जग्गा पर्याप्त मात्रामा उपयोग विहिन वा आंशिक उपयोग वा बाँझो रहेको हुँदा सो जग्गाको समुचित उपयोग गर्न भूमि बैंक संचालन गर्ने निर्णय गरियो । साथै भूमी बैंक स्थापनाको लागि भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. ८ :**

पोषणमैत्री नमुना कार्यक्रम कार्यान्वयन सम्वन्धी क्रियाकलापहरु र अन्य प्रस्तावहरु अर्को बैठकमा छलफल गर्ने गरी बैठक समापन गरियो ।



Scanned with CamScanner